दुल्लू नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(सार्वजनिक सम्पत्ति तथा जिन्सी व्यवस्थापन शाखा)

दुल्लू, दैलेख

(सूचना नं.१/२०८३-८४)

मिति:२०८३/०४/११

प.सं.२०८३/०८४

ने.सं.११४६ दिलाथ्व १३ सोमबार

च.नं.

## आर्थिक वर्ष २०८३/८४ मा हुने खरिद प्रक्रियामा सहभागी हुन सूचीकृत हुने सूचना

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १८ र दुल्लू नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ को नियम १९ अनुसार यस नगरपालिकाबाट सोही ऐन नियममा तोकिए बमोजिम हुने खरिद सम्बन्धी कार्यक्रमको लागि सम्बन्धित कार्यालयले त्यस्तो खरिदको प्रकृति अनुसार आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था वा सेवा प्रदायकको छुट्टाछुट्टै सूची तयार गर्नुपर्ने व्यवस्था भए बमोजिम यस कार्यालयबाट आ.व.२०८३/८४ मा मौजुदा सूचीमा दर्ता हुन इच्छुक योग्य फर्म, संघ/संस्था वा व्यक्तिहरुलाई सूचीकृत हुन चाहेको समुह समेत स्पष्ट रुपमा खोली यस कार्यालयले तोकिएको ढाँचामा आवेदन गर्नुहुन सूचित गरिएको छ।

**आवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु:**

क) आफ्नो फर्म दर्ता वा सम्बन्धित व्यवसाय वा सेवा गर्न प्राप्त दर्ता र नवीकरण भएको इजाजत पत्र,

ख) मुल्य अभिवृद्धि करमा दर्ता भएको पत्र वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र,

ग) प्रचलित कानून बमोजिम संघ/प्रदेश/स्थानीय तहलाई तिर्नु वा बुझाउनु पर्ने अघिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्र,

घ) व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

ङ) लिखित स्वघोषणा पत्र,

च) सूचीकृत दस्तुर तिरेको भौचर,(आर्थिक ऐन,२०८३ बमोजिम PAN मा दर्ता भएकाको हकमा रु.५०० र VAT मा दर्ता भएकाको हकमा रु.१,०००)

**क) मालसामान खरिद तथा आपुर्ती तर्फः**

१. मसलन्द तथा कार्यालय सामान,
२. मेशिनरी सामाग्रीहरु(कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरु
३. नेटवर्किङ् सम्बन्धित सामानहरु,
४. छपाई सम्बन्धी सामानहरु,
५. पिउने पानी,
६. फर्निचर एवम् फर्निसिङ्गका सामानहरु,
७. सवारी साधनका पार्टपुर्जाहरु,
८. पत्रपत्रिका तथा पुस्तकहरु,
९. सेनिटर तथा हार्डवियरका सामाग्रीहरु,
१०. संचार साधनका पार्टपुर्जाहरु,
११. औषधीजन्य तथा सर्जिकल सामाग्रीहरु,
१२. कार्यालयलाई आवश्यक पर्ने अन्य मालसामानहरु,

**ख) मर्मत तर्फः**

१. सवारी साधन मर्मत(दुई पाङ्ग्रे),
२. मेशिनरी उपकरणहरु(कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरु
३. भवन तथा भौतिक संरचना, रंगरोवन आदि,
४. फर्निचरहरु,
५. संचार उपकरणहरु,

**ग) सेवा तर्फः**

१. कम्प्युटर नेटवर्क, इन्टरनेट सेवा सम्बन्धी कार्य,
२. सफ्टवेयर, हार्डवियर,

**घ) निर्माण कार्यतर्फः**

१. सडक, भवन लगायतका पूर्वाधार निर्माण कार्य,
२. पूर्वाधारहरुको मर्मत सम्भार कार्य,

(पदम बहादुर बुढा(क्षेत्री)
प्रमुख प्रशासकीय अधिकृत

मिति:

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
दुल्लू नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दुल्लू , दैलेख ।

विषय: मौजुदा सूचीमा दर्ता गरिपाउँ ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ र दुल्लू नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ को नियम १९ बमोजिम तपसिल बमोजिमको विवरण अनुसारको पुष्टाई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

**तपसिल:**

| | |
|---|---|
| **१. मौजुदा सूचीको लागि निवेदन दिने व्यक्ति, संस्था, आपुर्तीकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरण** | |
| क) नाम: | ख) ठेगाना: |
| ग) पत्राचार गर्ने ठेगाना: | घ) मुख्य व्यक्तिको नाम: |
| ङ) मोबाइल नं. | |
| **२. मौजुदा सूचीमा दर्ता हुनका लागि निम्नबमोजिमको प्रमाणपत्र संलग्न गरेको छू ।** | |
| क. संस्था/फर्म दर्ता र नवीकरणको प्रमाणपत्र | |
| ख. VAT/PAN दर्ताको प्रमाणपत्र | |
| ग. करचुक्ताको प्रमाणपत्र | |
| घ. व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्र, | |
| ङ. फर्म सँग सम्बन्धित अन्य कागजात, | |
| च. दुल्लू नगरपालिकाको राजश्व खातामा राजश्व तिरेको रसिद, | |
| छ. सार्वजनिक निकायबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरण,<br>☐ मालसामान आपुर्ती ☐ निर्माण कार्य ☐ परामर्श सेवा ☐ सवारी साधन मर्मत ☐ अन्य सेवा | |

| | | |
|---|---|---|
| निवेदन दिएको<br>मिति:<br>आर्थिक वर्ष: | फर्मको छाप: | निवेदकको नाम:<br>दस्तखत: |